आज मिति २०७७ साल मंसिर २४ गते बुधबारका दिन विहान ११:०० बजे यस सत्यवती गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा तपशीलको उपस्थितिमा बसी तपशील बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

अध्यक्ष- श्री पारिश्वर ढकाल

उपाध्यक्ष- श्री सुवर्ण शेरचन शाही

सदस्य- श्री भीमलाल पाण्डे

सदस्य- श्री दधिराम कुँवर क्षेत्री

सदस्य- श्री रुकबहादुर राना

सदस्य- श्री दानबहादुर राना

सदस्य- श्री ओमप्रकाश भण्डारी

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री लोकबहादुर बुढाथोकी

सदस्य- श्री सन्तकुमार थापा

सदस्य- श्री हरिप्रसाद बि.क.

सदस्य- श्री मिना दमाई

सदस्य- श्री होमबहादुर भुजेल

सदस्य- श्री तेजकुमारी थापा

सदस्य- श्री मनमाया थापा

सदस्य- श्री नरमाया थापा राना

सचिव- श्री झविश्वर रेग्मी

<u>आमन्त्रित उपस्थितिः</u>

अधिकृत छैठौं (प्रशासन)- नेत्र प्रसाद पाण्डे

कम्प्युटर अपरेटर- जगत बहादुर गाहा

अधिकृत छैठौं (शिक्षा) रोशन घिमिरे

I.T. Officer – सुमित पाण्डे

बैठक संख्या:११ - ०७७/७८ मिति: २०७७/०८/२४

<u>प्रस्तावहरु:</u>

प्रस्ताव नं.१: शिक्षक दरवन्दी मिलान तथा समायोजन कार्यविधि, २०७७ स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं.२:विद्यालयको भौतिक पूर्वाधार निर्माण अनुदान (वास शौचालय)कार्यक्रमका लागि विद्यालय छनौटसम्बन्धमा।

प्रस्ताव नं.३: विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा।

प्रस्ताव नं.४: बहुउद्देश्यीय सभाहल निर्माणको लागि प्रदेश सरकारबाट प्राप्त सशर्त विशेष बजेट फिर्ता सम्बन्धमा।

प्रस्ताव नं. ५: म्याद नाघी आएका डोजर कम्पनी सूचीकृत सम्बन्धमा।

प्रस्ताव नं. ६: खानेपानी तथा सरसफाई योजना छनौट सम्बन्धमा।

प्रस्ताव नं. ७: कुरह– गेजा– अमरद्विप मोटरबाटो रु. ९५००००/–, चुचुल्की– मनकामना – वरखोला– खोलिया– अपरद्विप मसिना हुदै सत्यवती रु. २०००००/– रकमको नयाँ ट्र्याक खोल्ने कार्य एउटै प्रकृतिको भएकोले गाभ्ने सम्बन्धमा।

प्रस्ताव नं. ८: IEE प्रतिवेदन स्वीकृती र नदीजन्य पदार्थ उत्खनन् निकासी टेण्डर सम्बन्धमा।

प्रस्ताव नं. ९: विविध सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं.१:प्रस्ताव नं. १ माथि छलफल गर्दाशिक्षक दरवन्दी मिलान तथा समायोजन कार्यविधि, २०७७ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २:प्रस्ताव नं. २ माथि छलफल गर्दा भौतिक पूर्वाधार निर्माण अनुदान अन्तर्गतको कार्यक्रम (वास सहितको शौचालय) को लागि श्री ने.रा. गगनपूर आ.वि. र श्री जनता मा.वि. लाईछनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:प्रस्ताव नं. ३ माथि छलफल गर्दा कोभिड – १९ को कारणवश विद्यालय व्यवस्थापन समिति गठन रोकिएका र गठन गर्नु पर्ने विद्यालयहरुमा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गरी गठन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ४:प्रस्ताव नं. ४ माथि छलफल गर्दा बहुउद्देश्यीय सभाहल निर्माणको लागि प्रदेश सरकारबाट प्राप्त सशर्त विशेष बजेट फिर्तागर्ने र हाल सभाहल निर्माणाधिन रहेकोले सोको दायित्व गाउँपालिकाले बहन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:प्रस्ताव नं. ५ माथि छलफल गर्दा म्याद नाघी आएका डोजर कम्पनीहरुलाई सूचीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:प्रस्ताव नं. ६ माथि छलफल गर्दा सत्यवती गाउँपालिका वडा नं. २ को पाहादी–धुसेनी र वडा नं. ५ को हसँरा– साहाघाटलाई छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ७:प्रस्ताव नं. ७ माथि छलफल गर्दाकुरह– गेजा– अमरद्विप मोटरबाटो र चुचुल्की–मनकामना – वरखोला– खोलिया– अपरद्विप मसिना हुदै सत्यवती नयाँ ट्र्याक खोल्ने कार्य एउटै प्रकृतिको भएकोले दुईवटै सडकहरुलाई एउटै योजनामा गाभ्ने निर्णय गरियो ।

निर्णय नं. ८:प्रस्ताव नं. ८ माथि छलफल गर्दाIEEप्रतिवेदन स्वीकृत गर्ने र नदीजन्य पदार्थ उत्खनन् निकासीको लागि टेण्डर प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा तपशील बमोजिमको निर्णय गरियो ।

तपशील:

क) सत्यवती गाउँपालिका क्षेत्रमा मकै जोन कार्यक्रम लागु गर्नको लागि प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजनामा सिफारीस गर्ने निर्णय गरियो ।

ख) साँध सिमानाका रुख विरुवाहरु हटाउने सम्बन्धमागाउँपालिका स्तरीय तीन (३) जना सदस्य सहितको देहाय बमोजिमको कार्यदल गठन गरी सो कार्यदलले पेश गरेको प्रतिवेदनका आधारमा आगामी गाउँ कार्यपालिकाको बैठकमा निर्णय गरी कार्यान्वयनमा जाने निर्णय गरियो ।

देहाय:

संयोजक: होम बहादुर भुजेल

सदस्य:तेज कुमारी थापा

सदस्य: हरि प्रसाद वि.क.

सदस्य सचिव: कमल प्रसाद पन्थी ।

ग) दरवन्दी मिलान तथा समायोजन कार्यदलको सदस्यमा शिक्षाविद् श्री कृष्ण ज्ञवालीलाई मनोनयन गर्ने निर्णय गरियो ।